सुदूरपश्चिम प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

धनगढी, कैलाली, नेपाल

## म.प. बैठक संख्या २५४/०८३ को बैठकको निर्णय

**संवत् २०८३ साल भाद्र १२ गते बसेको सुदूरपश्चिम प्रदेश सरकार, मन्त्रिपरिषद्को २५४औं बैठकको निर्णय निम्नानुसार रहेको छ —**

**१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-**

- मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट पिडीतका सहयोगका लागि सुदूरपश्चिम प्रदेश सरकारको तर्फबाट प्रदेश विपद् व्यवस्थापन कोषबाट तत्कालको लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा दुई करोड रूपैयाँ उपलब्ध गराउने।
- भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट पीडितहरूको सहयोगको लागि सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री र राज्यमन्त्रीहरुले एक/एक महिनाको पारिश्रमिक रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा उपलब्ध गराउने।
- प्रदेश नीति तथा योजना आयोग, सुदूरपश्चिम प्रदेशको उपाध्यक्ष पदमा श्री गोकर्ण प्रकाश भट्ट (भिमदत्त न.पा.-२, कञ्चनपुर) लाई तथा सदस्य पदमा डा. हिरा चन्द (भिमदत्त न.पा.-१०, कञ्चनपुर) र श्री गंगादत्त जोशी (शैल्यशिखर न.पा.- ८, दार्चुला) लाई नियुक्ती गर्ने।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश